बैठक संख्या: ११
समय: विहान ११:०० बजे
मितिः २०८२/०१/०७ गते
ने सः ११४५ चौलागा सत्तमी आईतवार
आ.व.२०८१/०८२

आज मिति २०८२ साल बैशाख महिनाको ०७ गते आइतबारका दिन यस बराहताल गाउँपालिकाका अध्यक्ष श्री भिम बहादुर भण्डारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका गाउँ कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका निर्णयहरु पारित गरियो ।

उपस्थितिः

| सि नं | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भिम बहादुर भण्डारी | अध्यक्ष | |
| २ | श्री लक्ष्मी पुन मगर | उपाध्यक्ष | |
| ३ | श्री बमबहादुर बडुवाल | वडा अध्यक्ष, वडा नं १ | |
| ४ | श्री भिमबहादुर सावद | वडा अध्यक्ष, वडा नं २ | |
| ५ | श्री शेरबहादुर पुन मगर | वडा अध्यक्ष, वडा नं ३ | |
| ६ | श्री वृषबहादुर सिजापती | वडा अध्यक्ष, वडा नं ४ | |
| ७ | श्री धिमराज जोल्मी मगर | वडा अध्यक्ष, वडा नं ५ | |
| ८ | श्री नमराज शर्मा | वडा अध्यक्ष, वडा नं ६ | |
| ९ | श्री कुल बहादुर बुचा | वडा अध्यक्ष, वडा नं ७ | |
| १० | श्री केशर बहादुर कार्की | वडा अध्यक्ष, वडा नं ८ | |
| ११ | श्री युवराज पुलामी मगर | वडा अध्यक्ष, वडा नं ९ | |
| १२ | श्री हरिलाल सलामी | वडा अध्यक्ष, वडा नं १० | |
| १३ | श्री डिला सारु | कार्यपालिका सदस्य | |
| १४ | श्री हरिमाया कामी | कार्यपालिका सदस्य | |
| १५ | श्री टिका वि.सी. | कार्यपालिका सदस्य | |
| १६ | श्री यज्ञ वि.क. | कार्यपालिका सदस्य | |
| १७ | श्री जगत सुनार | कार्यपालिका सदस्य | |
| १८ | श्री तुलसी गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १९ | श्री प्रेम बहादुर डि.सी. (प्र.प्र.अ.) | सदस्य सचिव | |
| | सहयोगी कर्मचारीहरु | | |
| १ | राजिमान वुढा | प्रशासन शाखा प्रमुख | |
| २ | गोविन्द सिजापती | सूचना प्रविधि शाखा | |
| २ | तारा पुन | कार्यालय सहयोगी | |



CamScanner

प्रस्तावहरु:

प्रस्ताव नं १:पूर्व निर्णयहरुको समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं २:दिवा खाजा कार्यविधि सम्बन्धमा ।

प्रस्ताव नं ३: योजनाको रमम भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं ४: विपद पूर्व तयारी सम्वन्धमा।

प्रस्ताव नं ५आगामी बजेटको पूर्वतयारी सम्बन्धमा

प्रस्ताव नं ६:सामाजिक सुरक्षा कोषमा आवद्धता सम्बन्धमा ।

प्रस्ताव नं७: योजना संशोधन तथा स्रोत सुनिश्चिता सम्बन्धमा।

निर्णय नं १ प्रस्ताव नं १ माथी छलफल गर्दा यस गाउँ कार्यपालिकाको आ व २०८१/०८२ को पूर्वक्त कार्यपालिकाका निर्णयहरुको समिक्षा तथा गाउँपालिका र वडा कार्यालयबाट हालसम्म भएका कार्यहरुको समिक्षा गरियो सेवा प्रवाहमा बराहताल गाउँपालिका र मातहतका कार्यालयहरुले नागरिकलाई छिटो सहज र सरल माध्यमबाट सेवा प्रवाह गर्न निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं २ प्रस्ताव नं २ माथी छलफल गर्दा यस गाउँपालिका र विश्व खाद्य कार्यक्रम मार्फत संचालन हुने बराहताल गाउँपालिकाको दिवा खाजा कार्यक्रम कार्यविधि पेश भयो । उक्त कार्यविधिमा थप छलफल गर्नुपर्ने भएकोले आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ३ प्रस्ताव नं ३ माथी छलफल गर्दा बराहताल गाउँपालिका वडा नं ४ मा आ व २०८१।०८२ मा विनियोजित ज्यामिरकुना देखी निमाउने कुना बाटो निर्माणको बजेट संशोधन भै प्रधानमन्त्री पहल तर्फको ज्यामिरे कुनादेखी निमाउने कुना बाटो निर्माण योजनामा साझेदारी शिर्षकान्तर भएकोमा प्रधानमन्त्री रोजगार तर्फको पहल कार्यक्रम उक्त वडामा संचालन नहुने भएकोले सो संशोधित शिर्षकबाट साविककै शिर्षकको योजना ज्यामिर कुनादेखी निमाउने कुना बाटो निर्माण उपभोक्ता समिति मार्फत कार्य सम्पन्न भैसकेकोले उक्त योजनाको भुक्तानी संशोधित शिर्षक प्रधानमन्त्री पहल तर्फको ज्यामिरे कुनादेखी निमाउने कुना बाटो निर्माण योजनामा साझेदारी शिर्षकवाट गर्ने निर्णय गरियो ।

निर्णय नं ४ प्रस्ताव नं ४ माथी छलफल गर्दा गर्मी यामको सुरुवात संगै हुन सक्ने आगलागी तथा बर्षातका कारण हुन सक्ने विपतको पूर्वतयारी गर्न बरहाताल गाउँपालिकाको विपत व्यवस्थापन समिति र वडा स्तरिय विपत व्यवस्थान समिति तथा मातहतका कार्यालय र पालिका भित्र रहेका प्रहरी चौकी तथा अन्य निकायहरुलाई सक्रिय बनाउने निर्णय गरियो ।

निर्णय नं ५ प्रस्ताव नं ५ माथी छलफल गर्दा वराहताल गाउँपालिकाको आ व २०८२।०८३ का लागि योजना छनोट गर्न वडाहरुलाई टोल स्तरमा गई योजना छनौट गर्न निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं ६ प्रस्ताव नं ६ माथी छलफल गर्दा नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०८२।०१।१ गतेको राजपत्रमा प्रकाशित सूचना बमोजिम प्रचलित कानून बमोजिम

निवृत्ति बाहेकका व्यक्तिलाई सामाजिक सुरक्षा कोषमा योगदान कर्ताको रुपमा सूचिकृत गरी निजहरुले खाईपाई आएको तलबको कम्तिमा ६० प्रतिशतलाई आधारभुत तलब मानी त्यसको २० प्रतिशत रोजगार दाताबाट र ११ प्रतिशत योगदान कर्ताको तर्फबाट जम्मा गर्नु पर्ने गरी समामाजिक सुरक्षा योजनामा सहभागी गराउने गरी मिति २०८१।१२।१५ मा निर्णय भएको हुदा सोही बमोझिम यस कार्यलयमा कार्यरत करार कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरीयो ।

निर्णय नं ७ प्रस्ताव नं ७ माथी छलफल गर्दा यस बराहताल गाउँपालिकाको वडा नं ३ मा आ व २०८१।०८२ मा संचालन हुने भसमकाँडा देखी धरमपानी सम्म गोरेटो बाटो मर्मत शिर्षकलाई रु ५ लाख विनियोजन भएकोमा उक्त योजनाको नाम संशोधन गरी भसमकाँडा देखी धरमपानीसम्म गोरेटो बाटो निर्माण योजना बनाउने साथै उक्त योजनामा रकम अपुग भएकोले लेकगाउँ देखी सुपारे हुदै नरसिंहकाँडा सम्म सडक निर्माण शिर्षकबाट घटेको रु ९ लाख रकम थप गर्ने निर्णय गरियो ।



CamScanner